बैठक संख्या:-१३८

आज मिति २०८२/१२/२४ गते मङ्गलवार विहान ठिक ८:३० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहायको वमोजिमको निर्णय गरियो।

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता (बैश) | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री अशोक कुमार गुप्त | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री इन्द्रमणि कुर्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री दिपक बहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री मोहन लाल शर्मा | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री इन्सान अली धुनिया | वडा अध्यक्ष वडा नं १२ | |
| १५ | श्री चन्दा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिर विन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादव | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहाँर | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री रामदास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री विनय कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |

<u>अन्य उपस्थिति:</u>

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुवँर | प्रशासकीय अधिकृत | |
| ३ | श्री राजेश कुमार शैनी | इंजि. | |
| ४ | " शिव प्रसाद पाण्डे | कार्यालय सहायक | |
| ५ | | | |

## मिति २०८२/१२/२४ गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १३८ बैठकका प्रस्तावहरु

१. आयोजना माग सम्वन्धमा ।

२. आगामि नगरसभा तयारी सम्वन्धमा ।

३. विविध/समसामयिक ।

निर्णयहरु

१. मिति २०८२/१२/५ गते सम्पन्न भएको १३७ औ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. नेपाल सरकार र विश्व वैंकको सहकार्यमा Greater Lumbini Area Development( GLAD) Project अन्तर्गत शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना, आयोजंना समन्वय कार्यालय बबरमहल काठमाडौंबाट कार्यान्वयन हुने यस नगरपालिकामा कार्यन्वयन तपसिल बमोजिमका आयोजना/योजनाहरु सम्वन्धित निकाय माग/सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | आयोजना/योजनाको नाम | प्राथमिकता | कैफियत |
|---|---|---|---|
| १ | सागर ताल सौन्दरीकरण | १ | |
| २ | चिल्ड्रेन पार्क गोढ़ी चोक | २ | |
| ३ | रामघाट धाम सौन्दरीकरण | ३ | |
| ४ | बुद्ध पद्म स्टेडियम | ४ | |
| ५ | कोदौहा कुदान सेमरहवा नहर सडक निर्माण | ५ | |
| ६ | तौलिहवा बजार पार्क तथा सौन्दरीकरण निर्माण | ६ | |
| ७ | महुवा पिपरी लौसा विठुवा सडक निर्माण | ७ | |
| ८ | मैनिहवा पचेहरा सडक निर्माण | ८ | |
| ९ | विरपुर मलपरवा औरहिया रामघाट सडक निर्माण | ९ | |
| १० | डंगरी सिपुरा सडक निर्माण | १० | |
| ११ | गोपालपुर बिजगौरी सडक निर्माण | ११ | |
| १२ | जहद्दी बिकुली सडक निर्माण | १२ | |
| १३ | वडा कार्यालय भवन निर्माण (१,५,६,७,१२) | १३ | |
| १४ | नरैनापुर पकडी पर्सिया सडक निर्माण | १४ | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १५ | चौबिस हजार जगदीशपुर नहर सडक | १५ | |
| १६ | जमोहरा डेरवा औरहिया सडक | १६ | |
| १७ | पश्चिम दोहनी देखी पुर्व बरगर्दवा सडक निर्माण | १७ | |
| १८ | बगौहा बर्गदवा पश्चिम बर्गदवा बगौहा सडक | १८ | |
| १९ | बर्गदवा देखि हरनामपुर यसोधरा सिमाना सम्म सडक | १९ | |
| २० | नगवा फेद्राठ तेनुवा राजकुलो हुदै जगदीशपुर सडक | २० | |
| २१ | पचेहरा भैस्टा रेहरा पर्सिया सडक | २१ | |
| २२ | बर्गदिपुल देखी विठुवा सडक | २२ | |
| २३ | कचरिहवा देखि बनकसियाको सिमाना सम्म | २३ | |
| २४ | हुलाकी सडक देखि ७ नं वडा कार्यालय मायादेवी सिमाना सम्म सडक | २४ | |
| २५ | चप्परतल्ला पार्क निर्माण/ छठ घाट निर्माण | २५ | |
| २६ | पर्यटकीय स्थल तथा तौलिहवा बजारमा सार्बजनिक शौचालय निर्माण | २६ | |
| २७ | हुलाकी सडक दुर्गा मन्दिर रामतलहा सडक | २७ | |
| २८ | पार्क निर्माण वडा नं ८ कार्यालय अगाडी | २८ | |
| २९ | पश्चिम बेलौहा देखि भगवानपुर सम्म सडक | २९ | |
| ३० | दुर्गा मन्दिर बन कार्यालय बर्गदवा सडक | ३० | |

३. आगामि १९ औ नगरसभाको व्यवस्थित रुपमा संचालन गर्न तपसिल बमोजिमको नगरसभा संचालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो । समितिका पदाधिकारी/कर्मचारीहरुको सेवा सुविधा खाईपाई आएको सेवा सुविधा/पारिश्रमिक सरह मात्र ३ तीन दिनको हुनेछ ।

तपसिल

| | | |
|---|---|---|
| श्री विनय कुमार श्रीवास्तव | प्र.प्र.अ. | संयोजक |
| श्री बलराम न्यौपाने | लेखा अधिकृत | सदस्य |
| श्री राजेश कुमार शैनी | ईन्जिनियर | सदस्य |
| श्री विनोद कुँवर | प्रशासकिय अधिकृत | सदस्य |
| श्री गोकर्ण वहादुर खड्का | वरिष्ठ प्रशासन सहायक | सदस्य सचिव |

४. विविध/समसामयिक

प्रमुख प्रशासकीय अधिकृत

१. स्थानीय सरकार संचालन ऐन, २०७४ एवं मिति २०७९/३/२९ गतेको ९२ औं कार्यपालिका वैठकद्वारा गठित विषयगत समितिबाट आ.व.२०८२/०८३ मा भएका निर्णयहरु अनुमोदन गरि पेश भएको प्रतिवेदन नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

२. ठेक्का नं. KM/082/083-04 अन्तर्गत "Supply, Installation, Testing and Commissioning of a Complete 16-Meter-High Mast Lighting System" योजना कार्यान्वयनका लागि स्वीकृत लागत अनुमान बमोजिम आवश्यक कुल बजेट भन्दा हाल विनियोजित बजेट अपुग रहेकोले उक्त योजना समयमै प्रभावकारी रूपमा कार्यान्वयनको लागि अपुग बजेट रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित गर्न सिफारिस गर्ने निर्णय गरियो।

३. ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक उत्पादन, विक्रि वितरण र प्रयोगमा रोक लगाउने संघीय सरकारको निर्णय वमोजिम यस नगरपालिका भित्र ४० माइक्रोन भन्दा पातलो प्लष्टिकको उत्पादन, आयत र विक्री वितरण लाई प्रतिवन्ध लगाउदै सो को प्रयोगलाई निरुत्सहित गर्न १२ वटै वडा कार्यलयहरु मार्फत जनचेतना अभिबृद्धि गर्ने निर्णय गरियो।

४. प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ अनुसार मिति २०८२/१२/२७ मा प्रकाशित सुचान बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ति उपत्यका (देउखुरी) नेपालबाट माग भए अनुसार आ.व.२०८३/०८४ को लागि प्रस्तावित आयोजनाको लागत अनुमानको लागत साझेदारी रकम आगामी नगरसभाबाट व्यवस्थापन गर्ने गरि तपसिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो ।

तपसिल

१. अरौराकोट नरैनापुर पर्सिया सडक

२. गोपालपुर बिजगौरी सडक

५. विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि २०७६ (दोस्रो संशोधन २०८१ समेत) को दफा ५ (२) अनुसार मिति २०८२/१२/२७ मा प्रकाशित सुचना बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ति उपत्यका (देउखुरी) नेपालबाट माग भए अनुसार आ.व. २०८३/०८४ को प्रदेश बिशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो ।

तपसिल

१.खानेपानीको लागि हेन्डपम्प जडान

६. यस कपिलवस्तु नगरपालिकाको योजनाहरुलाई व्यवस्थित एंव त्रुटिरहित बनाई काम कारबाहीलाई छिटो छरितो एंव विश्वनिय बनाउन योजना अनुगमन , मुल्याङ्कन तथा प्रगति विवरण सफ्टवेयर Web base Online Planning monitoring Information System (PMIS) जडान भई हाल संचालनमा रहेको उक्त सफ्टवेयर सम्झौता अनुरुप कामकारबाही गरि सम्झौता रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख [illegible] अधिकृत

७. यस आ.व २०८२/८३ यस नगरपालिकाको विभिन्न वडाहरुमा हाईमास्ट लाइट जडानको लागी कुल ३०,००,०००।- (अक्षेरुपी तिस लाख मात्र) विनियोजन भएकोमा लागत अनुमान रकम कुल ८५,००,०००।- (अक्षेरुपी पचासी लाख बहत्तर हजार एक सय चौवालिस रुपैया छत्तिस पैसा मात्र) रहेको हुँदा बाकी अपुग रकम आगामी २०औ नगरसभाबाट श्रोत सुनिश्चित गरी कामकारबाही प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

८. यस कपिलवस्तु नगरपालिका वडा नं.३ मा अवस्थित गौबंश संरक्षण संस्था कपिलवस्तुको मिति २०८२/१२/२१ च.नं.४२८ पत्रानुसार ऐ.ऐ.संस्थाद्वारा संचालित माधव काम धेनु गौशालाको भुसा राख्ने संरचना निर्माणको लागी आ.व.२०८२/०८३ क्र.स.१६९. कार्यक्रम/आयोजना/कृयाकलापको नाम छाडा चौपाया पूर्वाधार निर्माण, खर्च शिर्षक ३१११२ बाट भुक्तानी हुने गरि दिवाल एंव टहरा निर्माणको लागी रु १,५०,०००।- (अक्षेरुपी एक लाख पचास मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

९. यस कपिलवस्तु नगरपालिकाद्वारा सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु(आप्रवासी स्रोत केन्द्र/सूचना तथा परामर्श, वित्तीय साक्षरता, निशूल्क कानूनी सहायता, सीपमा सहजीकरण, समुदाय सचेतना) लाई एकीकृत गरी संस्थागत रुपमा सञ्चालन गर्न यस पालिकाको सामाजिक विकास शाखा/रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने निर्णय गरियो । उक्त सेवाहरु प्रवाहमा खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखा प्रमुखहरुलाई पेश गर्ने र कार्य सम्पादन तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र यस पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा ३ महिनामा १ पटक हुने व्यवस्था गर्ने निर्णय गरियो। वैदेशिक रोजगारी सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्दा क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै वैदेशिक रोजगारबाट प्राप्त लाभको वृद्धि गरी सामाजिक लागत न्यूनीकरण तर्फ जोड दिनु पर्ने आवश्यक छ । उक्त विषयलाई मध्यनजर गर्दै हाल संघ, प्रदेश र यस पालिकाको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी न्यूनतम् सेवाहरुलाई संस्थागत रुपमा व्यवस्थापन गरी सञ्चालन गर्ने निर्णय गरियो ।

पौडेल
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत